# नेपाल कानून व्यवसायी परिषद्
## अधिवक्ताको ३५औं परीक्षाको
## अनलाईन फाराम भर्ने सम्बन्धी सूचना
(प्रकाशित मिति: २०८२।०४।१९)

यस परिषदबाट अधिवक्ता तहको ३५औं परीक्षाको लागि अनलाईन मार्फत आवेदन फाराम खोलिएकोले देहाय बमोजिम योग्यता पुगेका परीक्षार्थीहरूले निम्नानुसारका कागजात संलग्न गरी आवेदन फाराम भर्नु हुन अनुरोध छ।

**आवश्यक योग्यता**

१. कानूनमा स्नातक तह उत्तीर्ण गरेको वा अभिवक्ताको प्रमाणपत्र प्राप्त गरी निरन्तर रूपमा परिषदमा अद्यावधिक गरी ७ वर्षसम्म कानून व्यवसाय गरेको ।

**संलग्न गर्नुपर्ने कागजात:-**

१. कानूनमा स्नातक उत्तीर्ण गरेको लब्धाङ्क पत्र (Transcript), चारित्रिक प्रमाणपत्र (Character Certificate) र नेपाली नागरिकताको प्रमाणपत्र ।
२. विदेशबाट अध्ययन गरेको भए सम्बन्धित निकायबाट समकक्षता निर्धारण प्रमाणपत्र (Equivalence Certificate) ।
३. अभिवक्ता भई निरन्तर ७ वर्ष कानून व्यवसाय गरेको भए अभिवक्ताको प्रमाणपत्र र निरन्तर ७ वर्ष कानून व्यवसाय गरेको पुष्टि हुने कागजात ।
४. हालसालै खिचेको दुवै कान स्पष्ट देखिने पासपोर्ट साईजको फोटो ।
५. सादा सेतो कागजमा आवेदकको दस्तखत र ल्याप्चे (दुबै हातको बुढी औंला) को स्पष्टसँग देखिने फोटो ।

सम्पूर्ण कागजातहरु सक्कलबाट **Scanning** गरी **upload** गर्नु पर्ने । साथै परीक्षार्थीहरुलाई एउटै कागजात धेरै पटक **upload** नगरी एक पटक मात्र **upload** गर्न अनुरोध गरिन्छ । गलत विवरण भरेको पाइएमा कानून बमोजिम हुनेछ ।

**दस्तुर सम्बन्धी व्यवस्था:-**

१. परीक्षा दस्तुर रू. ४,५००।- (फाराम र परीक्षा दस्तुर समेत) Siddhartha Bank Limited बैंक हात्तिसार शाखाको खातावालको नाम **NEPAL BAR COUNCIL AAMDANI KHATA** खाता नं.: **5 5 5 1 2 7 4 0 0 6 3** मा बुझाएको बैंक भौचर (QR मार्फत बुझाएको भए सोको निस्सा) वा दाखिला भएको प्रमाण अनिवार्य रूपमा अनलाईन फारममा प्रविष्ट गरेको हुनु पर्नेछ । आवेदकले रकम दाखिला गरेको निस्सा **upload** गर्दा आफ्नो पूरा नाम, थर र मोबाइल नं. अनिवार्य रूपमा उल्लेख गरेको हुनु पर्नेछ ।
२. QR Code मार्फत रकम बुझाउने परीक्षार्थीले आफ्नै बैंक खाताबाट रकम बुझाइ आफ्नो पूरा नाम, थर र मोबाइल नं. अनिवार्य रूपमा उल्लेख गरेको हुनु पर्नेछ ।

**अनलाईन फाराम भर्ने पोर्टल:-**

नेपाल कानून व्यवसायी परिषद्को **exam.nepalbarcouncil.com** गरी दरखास्त फाराम भर्न सकिने छ । उक्त वेभसाइटमा भरिएको फाराम रूजू भए नभएको यकिन गर्न आफ्नो फाराम भर्दाको इमेल र पासवर्ड प्रयोग गरी हेर्न सकिनेछ र परीक्षा मितिभन्दा एक हप्ता अगाडि मात्र प्रवेशपत्र डाउनलोड गर्न सकिनेछ ।

दरखास्त फाराम भर्ने अवधिः-

मिति २०८३।०४।१९ गतेदेखि २०८३।०५।१७ गतेसम्म र दोब्बर दस्तुर तिरी अर्को ७ दिनसम्म अर्थात २०८३।०५।२४ गतेसम्म ।

परीक्षा केन्द्रः-

- बागमती प्रदेशको हकमा काठमाडौं र अन्य प्रदेशहरूको सम्बन्धित प्रदेश राजधानी रहेको स्थान वा पार्षद्को सम्पर्क कार्यालय रहेको स्थान मध्ये परीक्षा समितिले तोकेको स्थानमा परीक्षा केन्द्र हुनेछ । बागमती प्रदेश बाहेक अन्य प्रदेशमा ५०० जना परीक्षार्थी नपुगेको अवस्थामा उक्त केन्द्रको परीक्षा समेत काठमाडौ परीक्षा केन्द्रमा हुनेछ ।
- परीक्षा फाराम भर्दा नै आफूले कुन प्रदेशको केन्द्रबाट परीक्षामा सामेल हुने हो एकिन गरी फाराम भर्नु पर्नेछ ।
- एक प्रदेशबाट परीक्षा फाराम भरी अर्को प्रदेशको केन्द्रमा परीक्षा दिने गरी परीक्षा केन्द्र परिवर्तन हुने छैन ।

परीक्षा कार्यक्रम

परीक्षा सम्बन्धी थप जानकारी

| विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा मिति | समय |
|---|---|---|---|---|
| प्रथम पत्रः संविधान र कानून (बहुबैकल्पिक) | १०० | ५० | | १ घण्टा ३० मि. |
| द्वितीय पत्रः कानून अंग्रेजी नेपाली अनुवाद विषय (५+५=१० अंक) | १०० | ५० | पछि प्रकाशित गरिने छ । | ३० मिनेट |
| द्वितीय पत्रः अन्तर्गत मस्यौदा लेखन विषय (९० अंक) | | | | ३ घण्टा ३० मि. |

अभिवक्ताहरूको हकमा

परिषद्को मिति २०८२।०८।०७ को निर्णयानुसार अभिवक्ताको प्रमाणपत्र प्राप्त गरी निरन्तर रुपमा परिषदमा अद्यावधिक भएकाहरुको हकमा दोस्रो पत्रको मस्यौदा लेखनको विषय (अनुवाद दिन नपर्ने) मात्रको परीक्षा लिइने छ । उक्त परीक्षामा देवानी, फौजदारी र रिटको गरी तीनवटा मस्यौदाको कूल पूर्णाङ्क १०० हुनेछ र उत्तीर्ण हुन ४५ अंक प्राप्त गरेको हुनु पर्नेछ ।

अनलाईन फाराम भर्दा ध्यान दिनु पर्ने कुराहरुः-

१. नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लेख भए बमोजिम कानून व्यवसायी प्रमाणपत्रमा नाम लगायतका विवरणहरु उल्लेख हुने हुँदा नागरिकता र शैक्षिक प्रमाणपत्रमा नाम फरक पर्नेले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट एउटै व्यक्ति भएको भनी सिफारिस गरिएको कागजात संलग्न गर्नुपर्नेछ ।

२. नागरिकतामा उल्लेख भए बमोजिमको ठेगाना नभई फरक ठेगाना भएमा सोलाई पुष्टि गर्ने कागजात (स्थानीय तहको सिफारिस/बसाई सराईको प्रमाणपत्र, विवाह दर्ता प्रमाणपत्र) पेश गर्नु पर्नेछ ।

३. फाराममा उल्लिखित आवेदकको आमाको नाम प्रमाणपत्रमा उल्लेख हुने हुँदा आमाको नागरिकतामा भएको नाम नै उल्लेख गर्नु पर्नेछ ।

<u>परीक्षार्थीले अनिवार्य रूपमा पालना गर्नुपर्ने कुराहरू:-</u>

- परीक्षार्थीले परीक्षा अवधिभर आफ्नो प्रवेशपत्र अनिवार्य रूपमा साथमा राख्नु पर्नेछ । प्रवेशपत्र बिना परीक्षार्थीलाई परीक्षामा प्रवेश गर्न र बस्न दिइने छैन ।
- परीक्षा शुरू भएको आधा घण्टापछि कुनै पनि परीक्षार्थीलांई परीक्षा हलमा प्रवेश गर्न दिईने छैन । साथै परीक्षा प्रारम्भ भएको १ घण्टा अगावै परीक्षार्थीले परीक्षा भवन (हल) छाडन पाइने छैन ।
- परीक्षार्थीले तोकिएको सिट प्लान अनुसार निर्धारित स्थानमा बसी परीक्षा दिनु पर्नेछ । केन्द्राध्यक्ष वा निरीक्षकको अनुमति विना आफ्नो सिट हेरफेर गर्न पाइने छैन ।
- परीक्षार्थीले परीक्षा भवनमा निषेधित वस्तुहरू (Mobile Phone, Calculator, Bluetooth, I-Pad, Table PC, Earphone, Smart Watch) लगायतका कुनै पनि Electronic Device ल्याउन र साथमा राख्न पाइने छैन ।
- सरूवा रोगी, अस्वस्थ्य, अपाङ्गता भएका परीक्षार्थीले परीक्षा प्रारम्भ हुनुभन्दा एक घण्टा अगावै वास्तविक परिस्थिति बारे केन्द्राध्यक्षलाई जानकारी गराउनु पर्नेछ । दृष्टि विहिन तथा हातले लेख्न नसक्ने परीक्षार्थीहरूले लेख्ने काममा सहयोगी राख्न पाउँ भनी परिषद्को कार्यालयमा अनुरोध गरेमा सोको यथार्थता अध्ययन गरी सम्बन्धित परीक्षाको लागि तोकिएको योग्यताभन्दा एकतह मुनि अध्ययनरत व्यक्तिलाई सहयोगी लेखकको रूपमा राख्न अनुमति दिन सकिनेछ ।
- परीक्षार्थीले कालो मसि मात्र प्रयोग गर्नु पर्नेछ । कालो मसि बाहेक आंशिक वा पूरा रूपमा अन्य रङ्गको मसि वा सिसाकलम प्रयोग गरेको वा कुनै संकेत गरेको पाइएमा उत्तरपुस्तिका परीक्षण गरिने छैन ।
- वहुवैकल्पिक परीक्षाको प्रश्नपत्र कुन समूह (Key) को हो, सो समूह (Key) अनिवार्य रुपमा उत्तरपुस्तिकामा उल्लेख गर्नुपर्नेछ । यदि (Key) उल्लेख नभएमा परीक्षा रद्द हुनेछ । बहुबैकल्पिक प्रश्नहरुको उत्तर दिंदा सही उत्तरको लागि निर्धारित कोठामा कालो मसिले धब्बा (•) बनाउनु पर्नेछ । बहुबैकल्पिक परीक्षाको प्रश्नपत्र अनिवार्य रूपमा उत्तरपुस्तिकासँगै फिर्ता गर्नु पर्नेछ । यदि परीक्षार्थीले बहुबैकल्पिक प्रश्नपत्र नबुझाई/फिर्ता नदिई लगेको पाइएमा त्यस्तो परीक्षार्थीको परीक्षा स्वतः रद्द भएको मानिने छ ।
- मस्यौदा लेखन विषयको नजीरहरूको सूची www.nepalbarcouncil.org.np बाट डाउनलोड गर्न सकिने छ।
- लिखित परीक्षाको परीक्षाफल प्रकाशित हुँदा अन्तर्वार्ता र वहस कलाका लागि निर्धारित नजिरका साथै अन्तर्वार्ता र वहस कला सम्बन्धी कार्यतालिका प्रकाशन गरिनेछ ।

२०८२/४/१५/३

सचिव

नेपाल कानून व्यवसायी परिषद्

# नेपाल कानून व्यवसायी परिषद्
## अधिवक्ता तहको ३५औं परीक्षाको लागि तोकिएका नजीरहरु

### देवानी सम्बन्धी लिखतको मस्यौदाको लागि तोकिएका नजीरहरु

१. पुनरावेदक/प्रतिवादी नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय समेत वि. बिन्दु कुमार थापा, मुद्दाः निर्णय बदर, नेकाप, २०८२, अंक ५, नि.नं. ११४२५ ।

२. पुनरावेदक/वादी अयोध्या यादव वि. सीताराम चमार मुद्दाः निखनाई पाउँ, नेकाप २०८१, अंक ९, नि.नं. ११३४३ ।

३. पुनरावेदक/प्रतिवादी मीरा पुडासैनी वि. लक्ष्मी पुडासैनी समेत, मुद्दाः लिलाम दर्ता दाखिल खारेजसमेत बदर गरी नामसारी दर्ता, नेकाप, २०८२, अंक ४, नि.नं. ११४१८ ।

४. पुनरावेदक/वादी पवनकुमार मल्ल वि. निर्मला श्रेष्ठ, मुद्दाः बकसपत्र लिखत बदर गरी अंश नामसारी, नेकाप, २०८१, अंक ११, नि.नं. ११३६४ ।

५. पुनरावेदक/वादी जुगल साह व्याहुत सुडीसमेत वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालयसमेत, मुद्दाः हक कायम दर्ता बदर दर्ता, नेकाप, २०८२, अंक १, नि.नं. ११३८६ ।

### फौजदारी सम्बन्धी लिखतको मस्यौदाको लागि तोकिएका नजीरहरु

६. पुनरावेदक/प्रतिवादी सुमन तामाङ वि. परिवर्तित नाम बालाजु ४ को जाहेरीले नेपाल सरकार, मुद्दाः मानव बेचबिखन तथा ओसारपसार, नेकाप २०८१, अंक ८, नि.नं. ११३२४ ।

७. दिपेन्द्र कुमार चौधरी समेतको जाहेरीले नेपाल सरकार वि. जगदिश प्रसाद साह समेत, मुद्दाः गोली हानी मारेको कर्तव्य ज्यान, नेकाप २०८२, अंक १२, नि.नं. ११५१९ ।

८. पुनरावेदक/प्रतिवादी मनौवर हसन वि. सविया तनविर हसनको जाहेरीले नेपाल सरकार, मुद्दाः बहुविवाह, नेकाप, २०८१, अंक ८, नि.नं. ११३३५ ।

९. पुनरावेदक/प्रतिवादी गिरीराज वि.क. वि. दाङ ५६(८)क को जाहेरीले नेपाल सरकार, मुद्दाः जबरजस्ती करणी, नेकाप, २०८२, अंक २, नि.नं. ११४०० ।

१०. पुनरावेदक/प्रतिवादी जियालाल महतो वि. प्रहरी प्रतिवेदन जाहेरीले नेपाल सरकार, मुद्दाः लागु औषध (नुफिनसमेत), नेकाप, २०८२, अंक ८, नि.नं. ११४७८ ।

### रिट सम्बन्धी लिखतको मस्यौदाको लागि तोकिएका नजीरहरु

११. निवेदक डा. रामदेव यादव समेत वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत, मुद्दाः उत्प्रेषण समेत, नेकाप, २०८२, अंक ४, नि.नं. ११४१७ ।

१२. निवेदक निरन्जनबहादुर अमात्य समेत वि. सुदूरपश्चिम प्रदेश मन्त्रिपरिषद्को कार्यालय, मुद्दाः उत्प्रेषण समेत, नेकाप, २०८२, अंक ३, नि.नं. ११४१३ ।

१३. निवेदक हिक्मतकुमार कार्की वि. कोशी प्रदेश विराटनगर समेत, मुद्दाः उत्प्रेषण/परमादेश, नेकाप, २०८१, अंक १०, नि.नं. ११३५६ ।

१४. निवेदक बालकृष्ण नेउपाने समेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मुद्दाः उत्प्रेषण समेत, नेकाप, २०८२, (संवैधानिक इजलास खण्ड) भाग ६, अंक १, नि.नं. ०११६ ।

१५. निवेदक राजन माझी समेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, मुद्दाः बन्दीप्रत्यक्षीकरण समेत, नेकाप, २०८२, अंक १०, नि.नं. ११४९१ ।